मिति २०७४ माघ २९ गते

# कृषि विकास बैंक लिमिटेडको एघारौं साधारण सभा सम्पन्न

## २० प्रतिशत वोनस शेयर दिने निर्णय

कृषि विकास बैंक लि. ले आर्थिक बर्ष २०७३/७४ को मुनाफाबाट आफ्ना साधारण शेयरधनीहरुलाई २० प्रतिशत वोनस शेयर तथा १.०५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) दिने निर्णय आज सम्पन्न एघारौं साधारण सभाले गरेको हो । त्यसैगरी नेपाल सरकारको अग्राधिकार शेयरमा समेत तोकिए वमोजिम ६ प्रतिशत नगद लाभांश दिने प्रस्ताव साधारण सभाबाट स्वीकृत भएको छ ।

जस अनुसार २०७४ साल आषाढ मसान्तमा कायम रहेको नेपाल सरकारको अग्राधिकार शेयर रु. ५ अर्व ४३ करोड २७ लाख १२ हजार लाई वार्षिक ६ प्रतिशतले हुने रकम रु. ३२ करोड ५९ लाख ६२ हजार ७२० नगद लाभांश र साधारण शेयर चुक्ता पुँजी रु.७ अर्व ०८ करोड ७६ लाख ८० हजार को लागि २० प्रतिशत बोनस शेयर वापत रु. १ अर्व ४१ करोड ७५ लाख ३६ हजार र कर प्रयोजनको लागि १.०५३ प्रतिशतले हुने रु.७ करोड ४६ लाख ०७ हजार १५८ नगद लाभांश वितरण गर्ने प्रस्ताव साधारण सभाबाट पारित भएको छ । यो निर्णयबाट देशका कुना काप्चामा रहेका करिव २ लाख ४८ हजार शेयरधनीहरु लाभान्वित भएका छन् ।

हाल बैंकको साधारण शेयर पुँजी रु. ७ अर्व ०८ करोड ७६ लाख ८० हजार र नेपाल सरकारको अविमोच्य अग्राधिकार शेयर पुँजी रु.५ अर्व ४३ करोड २७ लाख १२ हजार गरी चुक्ता पुँजी रु.१२ अर्व ५२ करोड ०३ लाख ९२ हजार कायम रहेकोमा आज पारित २० प्रतिशत वोनस शेयरले हुने रकम रु. १ अर्व ४१ करोड ७५ लाख ३६ हजार समेत समावेश गर्दा बैंकको चुक्ता पुँजी रु.१३ अर्व ९३ करोड ७९ लाख २८ हजार हुने भएको छ भने साधारण चुक्ता पुँजी रु.८ अर्व ५० करोड ५२ लाख १६ हजार पुग्नेछ ।

बैंक सञ्चालक समितिका अध्यक्ष क्षेत्र बहादुर सेंजुवालले उक्त साधारण सभामा बैंकको आर्थिक वर्ष २०७३/७४को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु (पूरक समेत) र देशको आर्थिक तथा बैकिङ्ग क्षेत्रको अवस्था तथा चालु आर्थिक वर्ष २०७४/७५ को पौष मसान्तसम्मको कार्य सम्पादनको संक्षिप्त विवरण र भावी कार्ययोजना समेत प्रस्तुत गर्नु भएको थियो ।

बैंकमा २०७४ साल पौष मसान्तसम्ममा निक्षेप रकम रु.९८ अर्व १७ करोड ३४ लाख पुगेको छ भने लगानीमा रहीरहेको कर्जा रु.९७ अर्व १५ करोड ४९ लाख रहेको छ । बैंकले २०७४ साल पौष मसान्तसम्ममा रु.१ अर्व ०२ करोड ९१ लाख नाफा आर्जन गरेको छ । आर्थिक वर्ष २०७३/७४ मा कुल कर्जामा निष्कृय कर्जाको अंश ४.६० रहेकोमा २०७४ साल पौष महिनामा कुल कर्जामा निष्कृय कर्जाको अंश ३.९५ प्रतिशत कायम रहेको छ ।

बैंकले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएका लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम संचालन गरिएको छ । अत्यधिक प्रतिस्पर्धात्मक वजारमा समेत बैंक चालु आर्थिक बर्षमा कर्जा तथा सापट, कुल आम्दानी, खुद नाफा लगायतका अधिकांश सूचकांकहरुमा प्रगति गर्न बैंक लागि परेको छ ।

यो बैंक २०७४ साल माघ ७ गते ५१ औं वर्षमा प्रवेश गरेको छ । यसै सन्दर्भमा बैंकले संस्थागत सामाजिक सामुदायिक उत्तरदायित्व अर्न्तगत भूकम्प पीडित, वाढिपीडित, वृद्धाश्रम, खानेपानी, मठमन्दिर, स्कूल हाटबजार यात्री प्रतीक्षालय आदिमा आवश्यकता अनुसार सहयोग गदै आएको छ ।




हाल बैंकका २१३ कार्यालयहरूमा Core Banking System जडान भई कारोवार सञ्चालन भैरहेको, २८ स्थानबाट लकर सुविधा प्रदान गरिएको, ४१ कार्यालयबाट ATM सुविधा प्रदान भएको, १८६ वटा कार्यालयबाट ASBA सुविधा उपलब्ध गराइएको, २२४ वटा कार्यालयबाट रेमिट सुविधा उपलब्ध गराइएको, १९८ कार्यालयहरूबाट Online बैंकिङ्ग सेवा प्रदान हुँदै आएको र २८ वटा कार्यालयहरूबाट सरकारी कारोबारको सेवा प्रदान हुँदै आएको छ । साथै, Core Banking System (T24) R10 लाई नयाँ भर्सन R16 मा Upgradation गर्ने कार्य मिति २०७४/१०/०७ मा सम्पन्न गरिएको छ । Internet Banking सेवा, ATM सेवा विस्तारसँगै VISA कार्ड, SMS तथा Mobile Banking, IPS, ASBA, C-ASBA जस्ता अत्याधुनिक बैंकिङ्ग सेवाहरूको दायरा थप फराकिलो बनाउँदै लगिएको छ । कर्जा व्यवस्थापनलाई थप वैज्ञानिक एवं प्रभावकारी बनाउन 'कर्जा कार्यविधि, २०७३' लागु गरिएको छ भने भविष्यमा ग्राहकको माग अनुसार अत्याधुनिक प्रविधिमा थप विस्तार गरी नयाँ वस्तु तथा सेवा उपलब्ध गराउने प्रतिवद्धता समेत जनाइएको छ ।

साधारण सभामा शेयरधनीहरुले उठाउनु भएको विभिन्न जिज्ञासाहरुको जवाफ बैक संचालक समितिमा अध्यक्ष क्षेत्र बहादुर सेंजुवाल तथा बैकका प्रमुख कार्यकारी अधिकृत लिला प्रकाश सिटौलाले दिनु भएको थियो भने कार्यक्रम संचालन कम्पनी सचिव प्रताप सुवेदीले गर्नुभएको थियो ।